नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
सूचनापत्र
मासिक
मंसीर/पौष २०७९ (December2022) वर्ष २५/अङ्क २८६

# अर्थपूण खीष्टमस

- पाष्टर बर्णबास श्रेष्ठ

**तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ । आज दाऊदको सहरमा तिमीहरूका निम्ति एकजना मुक्तिदाताको जन्म भएको छ, जो खीष्ट प्रभु हुनुहुन्छ ।** (लुका २: १०-११)

खीष्टमस नजीक आएको छ । धेरैको मनमा धेरै विचार र योजनाहरू होलान् । बाल संगतिकाहरू र जवानहरू खीष्टमस क्यारोलको लागि तयारीमा लागेका होलान् । धेरैजसो मण्डलीका अगुवाहरू खीष्टमस कसरी व्यवस्थित गर्ने, प्रेमभोज कसरी गर्ने भन्ने सोचमा हुनुहुन्छ होला । घरको आमा बाबा, अभिभावक यसपाली छोराछोरीको लागि (हुन सक्छ आफ्नै लागि) पनि के किन्ने भन्ने सोचमा हुनुहुन्छ होला ।

तर हामीले खीष्टमसको विषयमा, किन र कसरी मनाउने भनेर एक पटक राम्रोसंग सोच्नै पर्ने हुन्छ । हामीले यसलाई कस्तो प्रकारले बुझेका छौं । यदि हामीले खीष्टमसलाई खीष्टियनहरूको वर्षमा एक पटक आउने चाडको रूपमा बुझेका छौं भने, खीष्टमसको दिन नै खीष्टियनहरूको लागि सबैभन्दा महान दिन हो भन्ने प्रकारले बुझेका छौं, खीष्टमस भनेको झिलिमिली बत्ती बाल्ने, खीष्टमस-ट्रि सजाउने, शान्ताक्लाउस, घरघरमा क्यारोल, इत्यादिमा मात्र सीमित राख्यौं भने हामीहरूले पनि एक परम्परालाई पछ्याइराखेका मात्र हुन्छौं । वास्तविक खीष्टमस के हो र यसको सन्देस के हो हामीले बुझ्न सकेनौं भने हाम्रा लागि पनि नबुझी, नजानी गरिएको, रमाइलोको लागि गरिएको, चाड मनाएको जस्तो मात्र हुन पुग्छ ।

खीष्टमस चाड मनाउने समय होइन उत्सव मनाउने समय हो । जगतका सृष्टिकर्ता जसले आफ्नो योजनाअनुसार मानिसहरूको उद्धार गर्न मानवको रूप लिएर संसारमा आउनुभएको घटनालाई लिएर उत्सव मनाउने समय हो । कुन दिन जन्मनुभएको भन्दा पनि संसारमा आउनुभएको घटना सत्य हो । विवाद गरिराख्नु पर्दैन । कुनै एक दिनलाई उहाँ संसारमा हाम्रो उद्धार गर्न मुक्तिदाता भएर आउनुभएको कुरालाई लिएर उत्सव मनाउनुलाई नकारात्मक टिका टिप्पणी गरेर, उत्सवको उपहास गर्नु उहाँको जन्मको अवमूल्यन गर्न खोज्नु हो । त्यसो त उहाँको जन्मको खबर हेरोदलाई पनि मन परेको थिएन र बालक येशूको हत्या गर्न खोजे । आज पनि धेरै मानिसहरू यो र त्यो बाहनामा खीष्टमसको उत्सव मनाउन रोक लगाउन कोशिष गरिरहेका छन् । यसो हुनुको कारणहरू पनि छन् । हामीहरूको ध्यान मुक्तिदाता येशूले हामीहरूलाई परमेश्वरसँग मिलाप गराउन आउनुभएको कुरा र परमेश्वरको प्रेम प्रकट गरिएको विषयको चर्चा गर्न भन्दा मानिसले बनाएको र चलाएको विभिन्न किसिमका रीतिरिवाजहरू, प्रचलनहरू जस्तै, खीष्टमस-ट्रि सजाउने, शान्ताक्लाउस र उनको टोपी, मोजा झुण्डयाउने इत्यादि कुराहरूलाई अर्थ नै नबुझि त्यत्तिकै देखेकै भरमा महत्व दिनु, अभ्यास गर्नु पनि हो । यस्ता कुराहरूमा अहिलेदेखि नै हामी सचेत नहुने र ठीक प्रकारले शिक्षा नदिने हो भने हाम्रा सन्ततीहरूले खीष्टमसको विशेष् महत्वको विषय नबुझ्ने र खीष्टमस केवल रीतिरिवाजमा मात्र सीमित राख्न पुग्नेछन् । खीष्टमसमा रमाइलो गर्नु, सजाउनु, इत्यादिलाई उत्सवको भाग बनाउन सकिन्छ तर सानो एक वर्षे नानीको बर्थ-डेमा धेरै पाहुना बोलाएर ठूलो पार्टी गरेर, सबै रमाइलो गर्नतिर लागेर जसको जन्मदिनमा ऊ कतै कुनामा रोइरहेको र उसको चाहिँ बेवस्ता गरिएको जस्तै खीष्टमसमा खीष्टप्रति त्यस्ता व्यवहार हुनु हुंदैन । कतिले त मेरी खीष्टमस वा हचाप्पी खीष्टमसको साटो, खीष्टलाई आउट गरेर Merry Xmas, Happy Xmas गर्ने गरेका छन् जुन कुरालाई ठीक भन्न सकिंदैन ।

खीष्टमस सुसमाचार सुनाउने एक असल अवसर हो । वास्तवमा येशू जन्मनुभएको घटनाक्रम हेर्ने हो भने खीष्ट जन्मेको लगत्तै स्वर्गदुतहरूले सुसमाचारको घोषणा गरे । खीष्टमसको अवसरमा सुसमचार केन्द्रित कार्यक्रम राखेर, घर-घरमा उहाँको विषयमा नसुन्नुभएका आफन्त, साथीहरूलाई बोलाएर खीष्टमसको साँचो अर्थ बुझाउन सक्यौं भने र उहाँ किन आउनुभयो सो को जानकारी दिन सक्यौं भने खीष्टमस अर्थपूर्ण हुनेछ ।

**शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली**

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **मंसीर २४**<br>December 10 | एल्डर<br>दिनेश न्यौपाने | श्री<br>सरुष तामाङ्ग | एल्डर<br>दान ब. अधिकारी | श्रीमती<br>माया लामा | श्रीमती<br>निशा तामाङ्ग | एल्डर<br>सिमोन खालिङ | सह-पाष्टर<br>रूबेन श्रेष्ठ | श्री<br>ध्रुव घिमिरे | एल्डर<br>आमोस खालिङ | डाक्टर<br>सुदन रूचाल |
| **पौष २**<br>December 17 | श्री<br>विष्णु देउला | डीकन<br>राजु तामाङ्ग | डीकन<br>युसुफ श्रेष्ठ | डीकन<br>भूपाल तामाङ्ग | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>सीता गुरूङ्ग | डीकन सिमोन<br>भण्डारी | डीकन<br>रूद्र राई | डीकनेस्<br>जुमा राई | एल्डर<br>यम देवी पोखेल |
| **पौष ९**<br>December 24 | एल्डर<br>अर्जुन ढकाल | श्रीमती<br>माया श्रेष्ठ | डीकन<br>सुबोध अधिकारी | एल्डर<br>सिद्धि खालिङ | श्री<br>सुचन तामाङ्ग | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्री<br>श्रीराम सुर्खेती | पाष्टर<br>घनश्याम दाहाल | डीकन<br>कृष्ण नगरकोटी |
| **पौष १०**<br>December 25 | एल्डर<br>सिमोन पाठक | खीष्टमस<br>सेवा | श्री<br>सामुएल तामाङ्ग | संयुक्त सेवा<br>सिर्जनानगर चर्च | एल्डर<br>सुरेश पुर्कुटी | खीष्टमस सेवा-२०२२ | | | | |
| **पौष १६**<br>December 31 | पाष्टर<br>अशोक मुखिया | श्री<br>मिन ब. तामाङ्ग | पाहुना<br>वक्ता | डीकन<br>राम ब. तामाङ्ग | श्रीमती<br>हिरामाया तामाङ्ग | एल्डर<br>ग्रेस खालिङ | सह-पाष्टर<br>रूबेन श्रेष्ठ | डीकन<br>बाबु राम के.सी | एल्डर<br>वीर ब. राई | एल्डर<br>भुवन देवकोटा |
| **पौष २३**<br>January 7 | पाष्टर<br>अशोक मुखिया | श्री<br>सरुष तामाङ्ग | श्रीमती<br>सुशीला नेवा | डीकन<br>युसुफ श्रेष्ठ | श्री<br>मिन ब. तामाङ्ग | पाष्टर<br>घनश्याम दाहाल | श्रीमती<br>गंगा श्रेष्ठ | एल्डर<br>नभराज के.सी. | पाष्टर<br>शरण राई | पाष्टर<br>रोल्याण्ड रोंगोंग |

**लूका २:१३–१४ लेखिएको छ, एक्कासी ती स्वर्गदूतसँग स्वर्गीय सेनाको एउटा दल देखा पर्‍यो । परमेश्वरको स्तुति गर्दै, तिनीहरूले भने, "सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरूलाई शान्ति !"**

यस खण्डमा खीष्ट जन्मनुभएको समयमा स्वर्गीय सेनाले क्यारोल गाएको अर्थात् परमेश्वरको स्तुति गाएको पनि देख्न सक्छौं ।

मानिसहरूलाई परमेश्वरसँग मिलाप गराउन आउनुभएको, मानिसले सृष्टिको समयमा गुमाएको ईश्वरीय स्वरूपलाई पुनर्स्थापन गर्न, मानिसको पुत्रलाई परमेश्वरको पुत्र बनाउन परमेश्वरको पुत्र मानिसको पुत्र बनाउनुभएको, पापीहरूलाई धर्मी ठहराउन धार्मिकताका सूर्य पाप बन्न तयार भएर आउनुभएको समयको सम्झना गर्दै उहाँको स्तुति गदै परमेश्वरको महिमा गर्न सिङ्गसङ्गको कार्यक्रम राख्नु पनि अति उपयुक्त समय हो । यसपालीको खीष्टमसमा पनि हाम्रो ध्यान खीष्ट केन्द्रित गरेर उहाँको आगमनको समयको सम्झना गर्दै उत्सव मनाउन सक्यौं भने खीष्टमस अर्थपूर्ण खीष्टमस हुनेछ । तपाईहरू सबैको खीष्टमस आशिषमय भएको होस् । मेरी खीष्टमस् !

## हार्दिक शुभकामना

प्रभु येशू खीष्टको जन्मोत्सव (खीष्टमस) तथा नव वर्ष २०२३ को सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू, शाखा तथा आवद्ध मण्डलीहरू, देश विदेशमा हुनुभएका सम्पूर्ण मण्डली परिवारहरू साथै सम्पूर्ण देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



कार्तिक १३ गते/अक्टोबर ३० तारिख, आइतबार नेइम गोंगबूँ चर्चको सदस्यहरू सुश्री नानीमैया (रोजिता) नेपाली र विजय आशिष चर्च, धादिङ्गको सदस्य श्री हरि वयलकोटीको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ७ गते/नोभेम्बर २३ तारिख, बुधबार नेइम जोरपाटी चर्चको सदस्य सुश्री मन्जु राई र दुबई, भिक्टोरी, एभ्री नेशन चर्चका सदस्य श्री अविनेक रानाको नेइम जोरपाटी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | डाँछी | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मंसीर २४ December 10 | डीकन मोहन श्रेष्ठ | श्री लेखनाथ पौडेल | श्रीमती सलोमी दोङ | डीकन सुनिल मुनिकार | डीकन कृष्ण तामाङ्ग | श्री कृष्ण श्रेष्ठ | श्री उमेश मगर | श्री अमृत लामा | पाष्टर बर्णबास श्रेष्ठ | श्री प्रेम गुरूङ्ग | श्री कुमार सेन्चुरी |
| पौष २ December 17 | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर सागर थापा | एल्डर गोपी राई | श्री कृष्ण श्रेष्ठ | एल्डर राज गुरूङ्ग | श्रीमती सावित्री मुनिकार | एल्डर सिमोन पाठक | एल्डर बेन्जामिन तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ |
| पौष ९ December 24 | ख्रीष्टमस सेवा-२०२२ | | | | | | | | एल्डर पिटर लिम्बू | एल्डर छोदेन कार्थक | डीकन अनिल आले |
| पौष १० December 25 | | | | | | | | | ख्रीष्टमस सेवा-२०२२ | | |
| पौष १६ December 31 | एल्डर पेशल राई | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | श्री अमृत लामा | पाष्टर घनश्याम दाहाल | डीकन अनिल आले | एल्डर जोरविर राई |
| पौष २३ January 7 | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा डाँछी चर्च | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | पाष्टर कर्ण तामाङ्ग |

## जानकारी



मालीगाउँ बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती आनन्द प्रभा बज्राचार्य ७१ वर्षको उमेरमा कार्तिक १४ गते/अक्टोबर ३१ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

कार्तिक १९ गते/नोभेम्वर ५ तारिख शनिबार नेइम जोरपाटी चाँगु चर्चमा ५ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

कार्तिक २६ गते/नोभेम्वर १२ तारिख शनिबार नेइम गोंगबू चर्चमा १ जना विश्वासीले समर्पण गर्नुभयो ।

## डिसेम्बर महिनाको कार्यक्रम

– मंसीर २५ गते/डिसेम्बर ११ तारिख आइतबार बिहान १०:०० बजे बाल संगतिका शिक्षक/शिक्षिकाहरूको रीट्रिट नेइम ज्ञानेश्वर मण्डलीमा ।

– पौष १ गते/डिसेम्बर १६ तारिख शुक्रबार बिहान १०:०० बजे महिला उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा ।

– पौष १० गते/डिसेम्बर २५ तारिख आइतबार ख्रीष्टमस सेवा आ-आफ्नो मण्डलीमा आ-आफ्नै समयमा ।

– पौष १६ गते/डिसेम्बर ३१ तारिख शनिबार आधा रातको प्रार्थना आ-आफ्नो मण्डलीमा आ-आफ्नै समयमा ।

## विशेष प्रार्थना

१. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वास्थ्य, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगतिको लागि प्रार्थना गरौं ।

२. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डली र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा सुसमाचार प्रचारको काममा बोझसाथ लागि पर्न सकून् ।

४. यो महिना ख्रीष्टमसको अवसरमा सारा संसारभरिका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति सुसमाचार प्रचारको सेवा साथै विभिन्न माध्यमद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

५. ख्रीष्टमसको अवसरमा मण्डलीबाट विभिन्न ठाउँमा सेवकाइ साथै पारिवारिक भेटघाटको लागि जानुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।

६. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

७. बेरोजगार हुनुभएकाहरूको लागि योग्यताअनुसार काम जुटेको होस् साथै बेरोजगारीको कारण कुनै पनि विश्वासीहरूले प्रभुको नाउँलाई निन्दित तुल्याउने काम नगरून् र परमेश्वरमा भरोसा गरिराख्नेहरू हुन सकून् ।

८. शारीरिक तथा मानसिक रोग लागेका रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।

९. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा ख्रीष्ट प्रभुलाई चिन्न सकून् ।

१०. सारा संसारभरि येशू प्रभुको नाउँको खातिर प्रभुका जनहरूलाई दुःख, कष्ट, खेदो, निन्दा, सतावट दिनेहरू कुनै न कुनै माध्यमद्वारा प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

११. सम्पूर्ण विश्वासीहरू आफ्नो जीवनमा सफलता हासिल गर्न परमेश्वरको बोलावटमा आज्ञाकारी भएर जिउन सकून् ।

| | | | | | |
|---|---|---|---|---|---|
| आइतबार Sunday | १८ 4<br>नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष् अगुवाइ मागौं ।<br>यशैया ४५:१-४ | २५ 11<br>परमप्रभु परमेश्वरले राखिदिनुभएका आशिषहरू उपभोग गर्दै आशिष् बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>एफिसी १:३ | ३ 18<br>नेइम परिषद्का गुरुजनहरूले पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>भजनसंग्रह ७८:७१-७२ | १० 25<br>सारा संसारका मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>यूहन्ना ३:१६ | १७ 2023 January 1<br>यो वर्ष मण्डली आत्मामा, गुणमा, संख्यामा साथै अरू सबै क्षेत्रहरूमा अझै अघि बढेर जान सकौं ।<br>१ कोरिन्थी ३:९ |
| सोमबार Monday | १९ 5<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७, यूहन्ना १६:३३ | २६ 12<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | ४ 19<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | ११ 26<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>यहोशू २४:१४-१५ | १८ 2<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ |
| मंगलबार Tuesday | २० 6<br>मण्डलीका सबै विश्वासीहरू सधैं प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>मत्ती २६:४१ | २७ 13<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | ५ 20<br>सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | १२ 27<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनका निम्ति सबै जना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | १९ 3<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| बुधबार Wednesday | २१ 7<br>नेइमका सबै अगुवाहरूले आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसोलोनिकी १:२-३ | २८ 14<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | ६ 21<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१० | १३ 28<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | २० 4<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ |
| बिहीबार Thursday | २२ 8<br>बाल संगतिका सबै बाल बालिकाहरू साथै शिक्षक/शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ६१:९, १ कोरिन्थी १५:५८ | २९ 15<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-२३ | ७ 22<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>प्रेरित १:८, २:४२-४७ | १४ 29<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४ | २१ 5<br>सबै जवानहरूको प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६, १६:३ |
| शुक्रबार Friday | २३ 9<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना १७:३ | १ पौष 16<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू सबैको लागि प्रार्थना गरिदिऔं ।<br>लूका १५:११-२४ | ८ 23<br>ख्रीष्टमसको समयमा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>यूहन्ना १४:६, प्रेरित ४:१२ | १५ 30<br>आउँदो वर्षभरि आशिषित भएर जिउनका लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>व्यवस्था ११:११-१२ | २२ 6<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भुतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुटकारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:४-५ |
| शनिबार Saturday | २४ 10<br>परमेश्वरका छोराछोरीहरू जुन बोलावटमा बोलाइएका छन् त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | २ 17<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>कलस्सी २:२१-२२ | ९ 24<br>सारा विश्वव्यापी मण्डलीहरूमा हुने ख्रीष्टमस सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती सेवाद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् ।<br>यूहन्ना १७:१-३ | १६ 31<br>यो वर्षभरि परमप्रभु परमेश्वरले दिनुभएको आशिष्को लागि धन्यवाद चढाऔं ।<br>भजनसंग्रह १००:४-५ | २३ 7<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १४७:१-२० |

**किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ । हाम्रा निम्ति एउटा छोरो दिइएको छ । शासन उहाँको काँधमा हुनेछ । उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ । उहाँको शासन र शान्तिको वृद्धिको अन्त कहिल्यै हुनेछैन । दाऊदको सिंहासन र तिनको राज्यमाथि त्यसलाई न्याय र धार्मिकताको साथ स्थापित गरी स्थिर गराउन, त्यस बेलादेखि सदाको निम्ति उहाँले राज्य गर्नुहुनेछ । सर्वशक्तिमान् परमप्रभुको जोशले यो पूरा गर्नेछ ।**

**यशैया ९:६-७**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, फ्याक्स नं. ४५११०१४ Email:info@nim.org.np,